नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

भोटेकोशी बाढीपीडितलाई छ महिनाभित्र अस्थायी आवासमा सारिने

काठमाडौँ। भोटेकोशी बाढीबाट प्रभावितलाई छ महिनाभित्र अस्थायी आवासमा स्थानान्तरण गरिने भएको छ।

नेपाल वातावरण पत्रकार समूहले गरेको 'भोटेकोशी बाढीः पुनःस्थापनाको सवाल' राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख धर्मराज उप्रेतीले बाढीपीडितका लागि तीन वर्षभित्र स्थायी आवास निर्माण गरी हस्तान्तरण गर्ने लक्ष्यका साथ काम अघि बढाइएको बताए।

बाढी प्रभावित रसुवा, नुवाकोट, गोरखा र

बाँकी पृष्ठ ३ मा

● वर्ष ४ ● अंक ३०९ ● २०८३ साल असोज २९ गते बिहीबार ● Thursday 15, October 2026 ● सूर्योदयः बिहान ०६:०६ बजे ● सूर्यास्तः साँझ ०५:३९ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

फाइल जलेको बहानामा नागरिकताको उजुरी सामसुम पार्न खोजिएको हो ?
सर्लाही प्रशासनमाथि गम्भीर प्रश्न !



मधेशदृष्टि
सर्लाही।

सरकारी कार्यालयको फाइल आगलागीमा जलेर नष्ट भएको भनिँदैमा नागरिकतामाथि परेको उजुरीको सत्य पनि हराउँछ ? रवीकुमार अग्रवालको नागरिकतासम्बन्धी विवादमा सर्लाही प्रशासनबाट आएको भनिएको जवाफले अहिले यही गम्भीर प्रश्न खडा गरेको छ।

नागरिकता जारी गर्दाका कागजात तथा अभिलेख आगलागीमा नष्ट भएकाले प्रतिलिपि जारी गरिएको भन्ने मौखिक जानकारी दिइएको बताइएपछि प्रशासनको छानबिन प्रक्रिया र जवाफदेहितामाथि प्रश्न उठेको हो।

नागरिकताजस्तो संवेदनशील सरकारी प्रमाणपत्रमाथि उजुरी परेपछि त्यसको वैधता परीक्षण गर्नु सम्बन्धित प्रशासनको कानुनी तथा प्रशासनिक दायित्व हो । तर मूल फाइल नै उपलब्ध नभएको कारण देखाएर अनुसन्धानको बाटो साँघुरो पारिन्छ भने त्यसले नागरिकता जारी गर्ने प्रक्रिया मात्र होइन, सरकारी अभिलेख संरक्षण र प्रशासनिक जवाफदेहितामाथि समेत प्रश्न उठाउँछ । मुख्य प्रश्न अग्रवालको नागरिकता सही वा गलत भन्ने मात्र होइन, त्यसको सत्य पत्ता लगाउन सर्लाही प्रशासनले के–कति छानबिन गर्‍यो भन्ने पनि हो।

फाइल जलेको भनाइ छ, प्रमाण खोइ ?

सर्लाही प्रशासनले नागरिकतासम्बन्धी अभिलेख आगलागीमा नष्ट भएको बताएको हो भने त्यसको आधिकारिक आधार सार्वजनिक हुनुपर्छ। आगलागी कहिले र कहाँ भएको थियो ? कुन शाखामा राखिएका कागजात जलेका थिए ? कति अभिलेख नष्ट भए ? घटनाको मुचुल्का, प्रतिवेदन वा कार्यालयीय अभिलेख छ कि छैन ?

यी प्रश्नको स्पष्ट जवाफबिना 'फाइल जलेको थियो' भन्ने मौखिक भनाइले मात्र नागरिकतासम्बन्धी उजुरीको छानबिन टुंग्याउन मिल्दैन । सरकारी कार्यालयमा अभिलेख नष्ट हुनु प्रशासनिक समस्या हुन सक्छ । तर अभिलेख नष्ट भएको दाबी आफैंमा नागरिकता सही भएको प्रमाण होइन, न त नागरिकता गलत भएको प्रमाण नै हो । यसको सत्यता छुट्याउन उपलब्ध प्रमाणको निष्पक्ष परीक्षण आवश्यक हुन्छ।

मूल फाइल नभए पनि सत्य खोज्ने बाटो बन्द हुँदैन

नागरिकता जारी गर्दाको मूल फाइल उपलब्ध नभए पनि त्यसबेलाको प्रक्रिया र विवरण परीक्षण गर्ने अन्य आधार हुन सक्छन् । सम्बन्धित वडा कार्यालयको सिफारिस, जन्मदर्ता, जन्मस्थानसम्बन्धी विवरण, बाबु–आमाको नागरिकता, नाता प्रमाणितसम्बन्धी कागजात, बसाइँसराइको अभिलेख तथा सनाखतकर्ताको विवरणबाट तथ्य भिडाउन सकिन्छ।

त्यस्तै, नागरिकताको नम्बर, जारी मिति, उपलब्ध रजिस्टर तथा अन्य सरकारी निकायमा रहेका अभिलेखको अध्ययनबाट पनि अनुसन्धान अघि बढाउन सकिन्छ । अग्रवालको नागरिकताको प्रतिलिपि जारी गरिएको हो भने प्रतिलिपिका लागि परेको निवेदन, प्रतिलिपि जारी गर्ने निर्णय र त्यसबेला आधार बनाइएका कागजातको खोजी गर्नु झनै आवश्यक हुन्छ।

प्रशासनसँग मूल फाइल नभएको अवस्था हुन सक्छ। तर त्यसले उपलब्ध अन्य प्रमाण खोज्ने जिम्मेवारीबाट उन्मुक्ति दिँदैन। उजुरीमाथि निष्पक्ष छानबिन गर्ने हो भने कुन–कुन स्रोतबाट विवरण परीक्षण गरियो र के निष्कर्ष निकालियो भन्ने स्पष्ट हुनुपर्छ।

नागरिकतामाथि उजुरी, छानबिनमा कति गम्भीरता ?

रवीकुमार अग्रवालको नागरिकतामाथि परेको उजुरीमा प्रशासनले के प्रक्रिया अपनायो भन्ने विषय अब महत्वपूर्ण बनेको छ । सम्बन्धित वडा कार्यालयसँग विवरण मागियो कि मागिएन ? नागरिकता जारी गर्दाको आधार खोजियो कि खोजिएन ? सिफारिसकर्ता र सनाखतकर्तासँग सोधपुछ गरियो कि गरिएन ? अन्य सरकारी अभिलेखसँग विवरण भिडाइयो कि भिडाइएन ?

यी प्रश्नको जवाफले नै प्रशासनको अनुसन्धान कति गम्भीर र प्रमाणमा आधारित थियो भन्ने देखाउनेछ । यदि उपलब्ध अभिलेख खोज्ने, सम्बन्धित निकायसँग विवरण माग्ने र प्रमाण भिडाउने काम गरिएको छ भने प्रशासनले त्यसको आधारसहित निष्कर्ष स्पष्ट पार्नुपर्छ । तर त्यस्ता प्रक्रिया नै पूरा नगरी अभिलेख नष्ट भएको भनाइका आधारमा उजुरीलाई निष्कर्षविहीन छाडिएको हो भने त्यसको औचित्यमाथि प्रश्न उठ्नु स्वाभाविक हुन्छ।

यद्यपि, छानबिनको विवरण सार्वजनिक नभएको आधारमा मात्र प्रशासनले अनुसन्धान नगरेको वा कसैलाई जोगाउन खोजेको निष्कर्ष निकाल्न मिल्दैन । आवश्यक तथ्य र प्रमाण सार्वजनिक गर्नु प्रशासनकै जिम्मेवारी हो।

कानुनले के भन्छ ?

नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ मा झुटो विवरणका आधारमा नागरिकता प्राप्त गरेको प्रमाणित हुने अवस्थामा कानुनबमोजिम नागरिकता रद्द गर्ने व्यवस्था छ । त्यसैले नागरिकतासम्बन्धी उजुरीको निरूपण अनुमान, मौखिक दाबी वा फाइल उपलब्ध नभएको एउटै कारणमा होइन, उपलब्ध प्रमाण

बाँकी पृष्ठ ३ मा

प्रदेशलाई अधिकार र बजेट हस्तान्तरण गर्न संघीय सरकारसँग मुख्यमन्त्रीहरूको माग



मधेशदृष्टि
जनकपुरधाम।

सातै प्रदेशका मुख्यमन्त्रीहरूले संविधानप्रदत्त अधिकारको पूर्ण कार्यान्वयन, वित्तीय संघीयताको सुदृढीकरण र प्रशासनिक संरचनाको हस्तान्तरणको माग गर्दै 'कोशी घोषणा' जारी गरेका छन्।

कोशी प्रदेशको राजधानी विराटनगरमा सम्पन्न दुईदिने अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनले प्रदेशको अधिकार कार्यान्वयनदेखि आर्थिक स्रोतको बाँडफाँट र अन्तरप्रदेश सहकार्यसम्मका विषय समेटेर साझा प्रतिबद्धता सार्वजनिक गरेको हो।

सम्मेलनको समापनका क्रममा सातै प्रदेशका मुख्यमन्त्रीहरूले संविधानको मर्म र भावनाअनुसार अधिकार, बजेट तथा आवश्यक संरचना प्रदेशलाई हस्तान्तरण गर्न संघीय सरकारसँग संयुक्त माग गरेका छन्। प्रदेशहरूबीच नियमित समन्वय र सहकार्यलाई संस्थागत गर्न सातै प्रदेशका मुख्यमन्त्री सदस्य रहने गरी 'अन्तरप्रदेश मुख्यमन्त्री साझेदारी मञ्च' गठन गर्ने निर्णयसमेत गरिएको छ । मञ्चको अध्यक्षता सम्मेलन आयोजना गर्ने प्रदेशका मुख्यमन्त्रीले गर्ने व्यवस्था गरिएको छ।

घोषणापत्रमा संविधानको अनुसूचीमा उल्लेख गरिएका प्रदेशका एकल तथा साझा अधिकार कार्यान्वयनका लागि विद्यमान कार्यविस्तृतीकरण तत्काल परिमार्जन गर्न संघीय सरकारसँग माग गरिएको छ । संसद्मा विचाराधीन संघीय निजामती सेवा विधेयक प्रदेशका अधिकारलाई सम्बोधन हुने गरी यथाशीघ्र पारित गर्न, प्रदेश प्रहरी समायोजन गरी आवश्यक भौतिक संरचना र स्रोतसाधन हस्तान्तरण गर्न तथा संघ, प्रदेश र स्थानीय तहबीच देखिएको प्रशासनिक दोहोरोपन हटाउन पनि आग्रह गरिएको छ।

प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने विषयमा संघीय सरकारका संरचना समानान्तर रूपमा सञ्चालन हुँदा प्रशासनिक दोहोरोपन बढ्ने भन्दै घोषणापत्रले त्यस्ता संरचनाको व्यवस्थापनमा जोड दिएको छ । प्रदेशको अधिकार क्षेत्रसँग बाझिने संघीय संरचना, डिभिजन कार्यालय, बोर्ड तथा विकास समितिहरू खारेज गर्न वा प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने मागसमेत गरिएको छ।

समानीकरण अनुदान कटौती नगर्न माग

वित्तीय संघीयतालाई प्रभावकारी बनाउन राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसअनुसार विनियोजन गरिएको वित्तीय समानीकरण अनुदान आर्थिक वर्षको बीचमा वा अन्त्यमा कटौती नगर्न र पूर्ण रूपमा हस्तान्तरण गर्न मुख्यमन्त्रीहरूले माग गरेका छन्। सशर्त अनुदान घटाएर समानीकरण अनुदानको हिस्सा बढाउनुपर्ने तथा संघीय सरकारले साना र टुक्रे आयोजना सिधै प्रदेशमा पठाउने प्रवृत्ति अन्त्य गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ।

प्रदेशको आम्दानीका स्रोत र राजस्व बाँडफाँटसम्बन्धी व्यवस्थालाई पनि घोषणापत्रले प्राथमिकता दिएको छ । जलविद्युत्, वन, खानी तथा नदीजन्य पदार्थबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट न्यायोचित बनाउनुपर्ने माग गरिएको छ। कृषि आयकर प्रदेशले संकलन गर्न पाउनुपर्ने, ट्राफिक जरिवानाबाट

बाँकी पृष्ठ ३ मा

गाँजा मुद्दामा फरार रास्वपा नगर सभापति पक्राउ

२०८१ मङ्सिर २९ गते सिरहाको धनगढीमाई–१० जिरोमाइलमा दुर्घटनामा परेको बा.८ च ९९६३ नम्बरको कारबाट १ क्विन्टल ३० किलो गाँजा बरामद भएको घटनामा उनी फरार प्रतिवादी रहँदै आएका थिए।



मधेशदृष्टि
सप्तरी।

प्रतिबन्धित लागुऔषध गाँजा मुद्दामा फरार रहेका सप्तरीको सुरुङ्गा नगरपालिकाका एक राजनीतिकर्मीलाई सिरहा प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको सुरुङ्गा नगरपालिका–५ का ४७ वर्षीय मोहम्द साबीर अली रहेका छन्। उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सुरुङ्गा नगर सभापति हुन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेशबहादुर पालका अनुसार अलीलाई बुधबार बिहान सप्तरीको कदमाहा क्षेत्रस्थित रास्वपाको नगर पार्टी कार्यालयबाट पक्राउ गरिएको हो । इलाका प्रहरी कार्यालय लहानको टोलीले भेडिया इलाका प्रहरी कार्यालयको सहयोगमा उनलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार २०८१ मङ्सिर २९ गते सिरहाको धनगढीमाई नगरपालिका–१० स्थित जिरोमाइलमा पूर्व–पश्चिम राजमार्गमा भएको सवारी दुर्घटनापछि कारबाट एक क्विन्टल ३० किलो गाँजा बरामद भएको थियो।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना.३ ख ७५९१ नम्बरको ट्रकले उत्तरबाट दक्षिणतर्फ राजमार्ग पार गर्न लागेको बा.८ च ९९६३ नम्बरको कारलाई ठक्कर दिएको थियो । दुर्घटनापछि कार छाडेर चालक फरार भएका थिए।

त्यसपछि प्रहरीले कार खानतलासी गर्दा पाँचवटा पोकामा राखिएको एक क्विन्टल ३० किलो गाँजा बरामद गरेको थियो । उक्त घटनासम्बन्धी लागुऔषध मुद्दामा अली फरार प्रतिवादी रहेको प्रहरीले जनाएको छ।

प्रहरीले उनलाई पक्राउ गरी घटनासम्बन्धी थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाएको जनाएको छ।



सम्पादकीय

मधेशमा रास्वपाको खस्कँदो जनविश्वास: यथार्थ कि भ्रम?

रौतहटबाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का एक सांसदको भनिएको अडियो सार्वजनिक भएपछि मधेश राजनीतिमा नयाँ तरङ्ग पैदा भएको छ। अडियोमा मधेशका जनतामा पार्टीप्रति तीव्र असन्तुष्टि बढेको र जनविश्वास भङ्किरहेको भन्ने अभिव्यक्ति आएको छ । परम्परागत राजनीतिक दलहरूको विकल्प बनेर उदाएको रास्वपाका लागि मधेशको यो जनअन्तर्विश्वास खल्बलिनु गम्भीर समीक्षाको विषय हो।

पहिलो संविधानसभा निर्वाचनपछिका राजनीतिक परिवर्तनहरूमा मधेशले सधैँ नयाँ राजनीतिक शक्तिहरूलाई उच्च अपेक्षासहित साथ दिएको छ । यसअघि जनता समाजवादी पार्टी र जनमत पार्टीप्रति ठूलो आकर्षण देखिए पनि मधेशका जनता आधारभूत विकास, सुशासन र रोजगारीको अभावबाट आक्रान्त छन् । रास्वपाले पनि सुशासन र परिवर्तनको एजेन्डा अघि सार्दै मधेशमा संगठन विस्तार तीव्र पारेको थियो, तर जनताले अपेक्षा गरेजस्तो द्रुत गतिमा परिवर्तनको अनुभूति नहुँदा मोहभङ्गको स्थिति बन्दै गएको देखिन्छ।

सार्वजनिक अडियोको अर्थ मधेशमा रास्वपाको आन्तरिक व्यवस्थापन, नेताहरूको कार्यशैली र जनताप्रतिको उत्तरदायित्वमा गम्भीर प्रश्न उठेको रूपमा लिन सकिन्छ । पार्टीभित्र देखिएको वैचारिक अस्पष्टता, स्थानीय तहमा देखिएको गुटबन्दी र केन्द्रीय नेतृत्वको मधेशप्रतिको रणनीतिक कमजोरीले मतदातालाई निराश बनाइरहेको छ। जनभावनाको यो खस्कँदो ग्राफ केवल एउटा अडियोको विषय मात्र नभई जनताको गहिरो गुनासोको प्रतिबिम्ब हो।

के साँच्चै मधेशमा रास्वपाको लोकप्रियता घटेको हो त ? यो प्रश्नको उत्तर एकोहोरो छैन।

एकातर्फ, पुराना दलहरूको विकल्प खोजिरहेको तल्लो तहको तप्कामा रास्वपाप्रति अझै पनि आशा बाँकी नै छ भने अर्कातर्फ, नेताहरूका विवादास्पद अभिव्यक्ति र कार्यशैलीले गर्दा पुराना दलहरू झैँ यो पार्टी पनि अवसरवादी बन्न सक्ने आशंका जन्माएको छ। तसर्थ, लोकप्रियता पूर्ण रूपमा समाप्त भइनसके पनि जनताको विश्वास संकटमा परेको यथार्थलाई नकार्न सकिँदैन।

निष्कर्षमा, यो अडियो प्रकरण रास्वपाका लागि मधेशमा समाप्तिको घण्टी नभई समयमै सचेत हुने ठूलो चेतावनी हो।

यदि पार्टीले मधेशको भूराजनीतिक र सामाजिक यथार्थलाई आत्मसात गर्दै जनताका वास्तविक समस्या समाधानमा ध्यान दिएन भने यो लोकप्रियता अझ तीव्र गतिमा घट्न सक्छ । रास्वपाले आत्मसमिक्षा गर्दै आफ्ना एजेन्डालाई मधेशमैत्री र परिणाममुखी बनाउन सके मात्र गुमेको जनविश्वास पुन प्राप्त गर्न सक्नेछ।

खुट्टीखोला सिँचाइ आयोजना: हेडवक्र्स बन्यो, खेतमा पुगेन पानी

सुदिप राउत / रासस

सिरहाको लहान नगरपालिका–११ का किसान घुरन साहले यस वर्ष समयमै धान रोप्नुभयो तर रोपाइँ सकिएसँगै सुरु भएको सिँचाइको चिन्ता भने उस्तै छ।

खेतनजिकै करोडौँ खर्चेर खुट्टीखोला सिँचाइ आयोजनाको संरचना बनेको छ, तर त्यसको हेडवक्र्सबाट पानी खेतसम्म पुग्न सकेको छैन । सिँचाइको सुविधा दिने उद्देश्यले निर्माण गरिएको आयोजना उपयोगविहीन हुँदा साहजस्ता किसान अझै आकाशबाट पानी झर्ने प्रतीक्षामा खेती गर्न बाध्य छन्।

'करोडौँको लगानीमा हेडवक्र्स बन्यो, लाखौँ खर्चेर नहर पनि सफा गरियो तर वर्षायाममा हेडवक्र्सको गेट खोलेर परीक्षण गर्दा खोलाको पानी नहरमा राम्रोसँग बगेन । बरु नहरमा जमेको पानी खोलातिरै फर्किने अवस्था देखियो,' साहले भन्नुभयो, 'नहर भएर पनि बाली सुक्ने चिन्ता हटेको छैन।'

किसानको खेतमा पानी पु¥याउने उद्देश्यले निर्माण गरिएको हेडवक्र्स सम्पन्न भएको करिब पाँच वर्ष पुग्न लाग्दा पनि आयोजना सञ्चालनमा आउन सकेको छैन।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले मल्टिटेक निर्माण कम्पनीसँग २०७७ साल मङ्सिर १७ गते रु आठ करोड ५६ लाख ७२ हजार ४४२ मा हेडवक्र्स निर्माणको सम्झौता गरेको थियो । निर्माण कम्पनीलाई रु आठ करोड ६८ लाख ९३ हजार ९६२ भुक्तानी भएको छ । तत्कालीन लहान नगरप्रमुख मुनि साहले २०७८ कात्तिक २२ गते यसको शिलान्यास गर्नुभएको थियो।

वर्षायाममा उपलब्ध पानीलाई हेडवक्र्समा जम्मा गरी मुख्य नहरमार्फत कृषि क्षेत्रमा सिँचाइ पु¥याउने आयोजनाको परिकल्पना थियो । मङ्यान, गडमे, बानो र सर्रे खोलाको जलाधार क्षेत्रबाट पानी उपलब्ध हुने अपेक्षा गरिएको थियो तर संरचना निर्माण भए पनि पानी किसानको खेतसम्म पुग्न सकेको छैन।

डिजाइनमै प्रश्न, सञ्चालनको सुनिश्चितता खोइ ?

महालेखा परीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदन, २०८१ मा खुट्टीखोला सिँचाइ आयोजनाको हेडवक्र्सको निर्माण र सञ्चालन सुनिश्चिततामाथि प्रश्न उठाएको छ। प्रतिवेदनले हेडवक्र्सको डिजाइन तथा निर्माणमा प्राविधिक समस्या औँल्याउँदै संरचनाबाट पानी सङ्कलन गरी नहरमा वितरण गर्न सकिने अवस्थाबारे स्पष्टता खोजेको छ । प्रतिवेदनमा भनिएको छ, 'योजनाको स्थलगत निरीक्षण गर्दा खोलामा पानी बग्ने सतहभन्दा हेडवक्र्स उच्च स्थानमा निर्माण भएको छ। यसबाट डिजाइन सुधार तथा थप निर्माण नगरी हेडवक्र्समा पानी जम्मा गरी वितरण हुन सक्ने देखिएन।'

यो प्रश्न आयोजनाको आधारभूत प्राविधिक पक्षसँग सम्बन्धित छ । वास्तविक कारण पहिचान गर्न स्वीकृत विस्तृत आयोजना प्रतिवेदन (डिपिआर), निर्माण सम्पन्न संरचनाको उचाइ, खोलाको पानीको सतह र नहरको लेभलबीच तुलनात्मक प्राविधिक परीक्षण आवश्यक देखिन्छ।

पूर्वनगरप्रमुख मुनि साह भने हेडवक्र्सबाट पानी नजाने भन्ने निष्कर्षसँग सहमत हुनुहुन्न। उहाँले निर्माणअघि नै बालुवाका बोरा राखेर पानीको बहाव परीक्षण गरिएको र त्यसपछि डिपिआर तयार गरिएको दाबी गर्नुभयो । 'नहरमा पानी गइसकेपछि मात्र सोहीअनुरूप डिपिआर बनाइएको हो । निर्माणअघि प्राविधिक परीक्षण गरिएकाले पानी नजाने कुनै कारण नै छैन,' उहाँले भन्नुभयो।

नहरमा ढल, फोहोर र अतिक्रमण

सिँचाइ कार्यालय सिरहाले गरेको पछिल्लो स्थलगत निरीक्षणले खुट्टीखोला सिँचाइ आयोजनाको समस्या हेडवक्र्समा मात्र सीमित नरहेको देखाएको छ। कार्यालयको प्रतिवेदनअनुसार मुख्य नहरमा सहरी ढल तथा फोहोर मिसिने, माटो र गेग्रान थुप्रिने, दुवैतर्फ सडक निर्माण हुने तथा अतिक्रमणका कारण नहरको चौडाइ घट्ने समस्या छन्।

कार्यालय प्रमुख सुमनकुमार झाले नहरमा रहेका अवरोध हटाएर आवश्यक मर्मतसम्भार तथा स्तरोन्नति र ढल व्यवस्थापन गर्न सके पानी सहज रूपमा सञ्चालन गर्न सकिने बताउनुभयो । 'नहरमा रहेका अवरोध हटाउने, आवश्यक मर्मतसम्भार तथा स्तरोन्नति गर्ने र ढल व्यवस्थापनको काम गर्न सके नहरमा पानी सहज रूपमा सञ्चालन गर्न सकिन्छ,' झाले भन्नुभयो, 'आयोजनाको समस्या समाधानका लागि आवश्यक सुधार तथा स्तरोन्नतिसहितको विस्तृत प्रतिवेदन मधेस प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा पेस गरेका छौँ।'

झाका अनुसार हेड रेगुलेटरबाट करिब ४०० मिटरको दूरीमा रहेको मन्दिर र त्यहाँको पानी बाँड्ने संरचनाले मुख्य तथा शाखा नहरमा पानीको समुचित प्रवाहमा बाधा पु¥याएको छ। मुख्य नहर चार हजार ९०० मिटर र शाखा नहर एक हजार ७१० मिटर लामो छ।

हेडवक्र्स निर्माण सम्पन्न भएको करिब चार वर्षपछि गत आर्थिक वर्ष २०८२÷८३ मा मधेस प्रदेश सरकारले नहर सफाइका लागि रु १५ लाख बजेट विनियोजन गरेको थियो । त्यसमध्ये रु सात लाख ९० हजार २४५ मा शिवम् कन्स्ट्रक्सनलाई सफाइको जिम्मा दिइएको कार्यालयले जनाएको छ तर सफाइपछि पनि अपेक्षाअनुसार नहरमा पानी सञ्चालन हुन सकेन।

स्थानीय देवराज पोखरेलले नहर गहिरो बनाएर सफाइ गर्दा छेउको बाटो धसिन थालेको, बोटबिरुवामा क्षति पुगेको र विद्युत्का पोल पनि जोखिममा परेको बताउनुभयो । 'हेडवक्र्स निर्माण सुरु गर्दादेखि नै प्राविधिक पक्षमा ध्यान दिन आग्रह गरेका थियौँ । तर सुनुवाइ भएन,' उहाँले भन्नुभयो, 'करोडौँ खर्च भएको आयोजनाको प्राविधिक र आर्थिक पक्षको छानबिन हुनुपर्छ।'

कार्यालयका इन्जिनियर सञ्जीवकुमार यादवका अनुसार नहरका केही स्थानमा ९० सेन्टिमिटरसम्म माटो जमेको छ । 'माटो हटाएपछि दक्षिणी नहरमा पानी जाने अवस्था देखिन्छ। पश्चिमी नहरमा भने थप संरचनागत समस्या छन्,' उहाँले भन्नुभयो।

प्राविधिक समस्या कि व्यवस्थापनको कमजोरी ?

आयोजनाको समस्या प्राविधिक पक्षसँगै सहरी ढल व्यवस्थापन र स्थानीय तहबीचको समन्वयसँग पनि जोडिएको छ । लहान नगरपालिकाका प्रमुख महेश चौधरीले बजारको फोहोर व्यवस्थापन र पश्चिमी नहरबाट किसानलाई सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले भूमिगत नाला प्रणालीको योजना अघि बढाइएको बताउनुभयो । करिब रु आठ करोडको उक्त योजना जस लिने र जस पाउने विषयमा भएको राजनीतिक विरोधका कारण अघि बढ्न नसकेको उहाँको भनाइ छ।

'विरोधका कारण काम हुन सकेन र किसानले सिँचाइ पाएनन्,' उहाँले भन्नुभयो, 'हेडवक्र्स बनाउने कार्यालयले नै पूर्ण जिम्मेवारी लिएर किसानको खेतमा पानी पु¥याउनुपर्छ ।' यसअघि नहरलाई सिँचाइ प्रयोजनमै सञ्चालन गर्नुपर्ने माग गर्दै किसानले विरोध गरेका थिए। खुट्टीखोला सिँचाइ उपभोक्ता समितिका अध्यक्ष धर्मराज चौधरीले सिँचाइका लागि पटक–पटक पहल र आन्दोलन गरे पनि ठोस प्रगति नभएको बताउनुभयो।

जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहाका सचिव रवीन्द्रकुमार श्रेष्ठले नहर सुधारका नाममा थप बजेट खर्च गर्नुअघि पानीको स्रोत, प्राविधिक डिजाइन र लक्षित क्षेत्रमा दिगो सिँचाइ सम्भव छ कि छैन भन्ने वैज्ञानिक अध्ययन गर्नुपर्ने बताउनुभयो। 'पटक–पटक सुधार र बजेट विनियोजन भए पनि अपेक्षित परिणाम आएको छैन । अब थप लगानी गर्नुअघि नहरको वास्तविक सम्भाव्यता र करिब एक हजार बिघा जमिनमा दिगो सिँचाइ गर्न सकिने–नसकिनेबारे अध्ययन हुनुपर्छ,' उहाँले भन्नुभयो।

सुधारका लागि १२ करोड ४३ लाख माग

सिँचाइ कार्यालय सिरहाले यही असोज ८ गते आयोजनाको वर्तमान अवस्था, समस्या, संरक्षण, सुधार तथा स्तरोन्नतिसम्बन्धी विस्तृत प्रतिवेदन मधेस प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा पेस गरेको छ।

कार्यालय प्रमुख झाका अनुसार नहरको मर्मतसम्भार, संरचना सुधार तथा स्तरोन्नतिका लागि बहुवर्षीय योजनाअन्तर्गत रु १२ करोड ४३ लाख दुई हजार बजेट व्यवस्थापन गर्न मन्त्रालयसँग आग्रह गरिएको छ।


कार्यालयको प्रस्तावमा नहरभित्र र आसपासका अवरोध हटाउने, अतिक्रमण नियन्त्रण गर्ने, माटो तथा सेडिमेन्ट सफा गर्ने, आवश्यक स्थानमा नहरको पुनःआकार निर्धारण गर्ने र जीर्ण संरचना सुधार तथा पुनर्निर्माण गर्ने विषय समेटिएका छन् । सहरी ढल व्यवस्थापनलाई पनि सँगसँगै अघि बढाउनुपर्ने कार्यालयको भनाइ छ।

कार्यालयका सूचना अधिकारी तथा इन्जिनियर मो इनुस राईनका अनुसार आयोजनाको कुल कमाण्ड क्षेत्र ९६४ हेक्टर छ । त्यसमध्ये करिब ६०० हेक्टर खेतीयोग्य क्षेत्र रहेको छ। करिब सात हजार घरधुरीका ३५ हजार जनसंख्या लाभान्वित हुने लक्ष्य राखिएको आयोजना पूर्ण क्षमतामा सञ्चालन हुँदा कृषि उत्पादनमा २०० प्रतिशतसम्म वृद्धि गर्ने लक्ष्य लिएको छ।

स्थानीय समेत रहेका इन्जिनियर वीरेन्द्र महतोका अनुसार खुट्टीखोला सिँचाइ आयोजनाको दीर्घकालीन समाधानका लागि थप बजेट विनियोजन मात्र पर्याप्त हुँदैन । हेडवक्र्सको प्राविधिक परीक्षण, नहरको लेभल सुधार, ढल व्यवस्थापन र पानीको उपलब्धता यकिन गरी समस्याको प्राविधिक समाधान खोज्न आवश्यक छ । उहाँले भन्नुभयो, 'आयोजनाको वास्तविक समस्या पहिचान गरी जिम्मेवारी स्पष्ट गर्नुपर्छ। थप बजेट खर्च गर्नुअघि हेडवक्र्सदेखि नहरको अन्तिम बिन्दुसम्म प्राविधिक अध्ययन गरेर खेतसम्म पानी पुग्ने सुनिश्चित कार्ययोजना बनाउनुपर्छ।'

समस्या पहिचान र समाधानका लागि ठोस पहल नभए ठूलो बजेट खर्चेर निर्माण गरिएको खुट्टीखोला सिँचाइ आयोजना किसानका खेतमा पानी पु¥याउन नसक्ने संरचनामै सीमित रहने जोखिम कायमै रहेको महतोको भनाइ छ।

दैवीविपत्तिबाट भएको क्षति पुनर्निर्माणका लागि साढे पाँच खर्ब आवश्यक पर्ने



भोटेकोशी, कालिगण्डकी र बूढीगण्डकी बाढी तथा अन्य मौसमजन्य विपत्तिबाट भएका क्षतिको पुनर्निर्माण तथा पुनःस्थापनाका लागि सरकारले विभिन्न ५०४ वटा योजना अगाडि सारेको छ। ती योजनाका लागि रु पाँच खर्ब ५९ अर्ब ७२ करोड २७ लाख बराबरको बजेट स्वीकृत गर्न अर्थ मन्त्रालमा सिफारिस गरिएको छ।

केही दिन अघि बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को २१औँ बैठकले उक्त बजेट स्वीकृतिका लागि अर्थ मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरेको थियो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीका अनुसार मन्त्रालयगत शीर्षक छुट्याएर बजेट स्वीकृतिका लागि अर्थमा पठाइएको छ।

उहाँका अनुसार सूचना तथा सञ्चार मन्त्रालयअन्तर्गत तत्काल गर्नुपर्ने योजना तथा कार्यक्रमका लागि चार वटा कार्यक्रम राखिएका छन् । जसका लागि रु ४१ करोड ८० लाख आवश्यक भएको उल्लेख छ । साथै मध्यम तथा दीर्घकालमा गर्नुपर्ने योजना तथा कार्यक्रमका लागि पाँच वटा कार्यक्रमका लागि रु ४५ करोड २४ लाख माग गरिएको छ । उक्त बजेटबाट मोबाइल बिटिएस टावर निर्माण तथा सञ्चालन, इन्टरनेट सञ्चालन, स्याटेलाइट ब्याकप कम्युनिकेशन प्रणाली विकासलगायतका योजना समेटिएका छन्।

कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत तत्काल गर्नुपर्ने योजना कार्यक्रममा छ वटा कार्यक्रमका लागि रु २१ करोड ८२ लाख र मध्यम तथा दीर्घकालमा गर्नुपर्ने योजना तथा कार्यक्रमअन्तर्गत छ वटा कार्यक्रमका लागि रु ९९ करोड ३७ लाख माग गरिएको छ । उक्त बजेट मत्स्य अनुसन्धान केन्द्रको कार्यालय व्यवस्थापन र सेवा प्रवाह सञ्चालन, प्रदेशस्थित पशुसेवा कार्यालयको समग्र पुनस्थापना तथा सेवा सञ्चालनलगायतमा खर्च हुनेछ।

ऊर्जा, जलस्रोत तथा सिचाइँ मन्त्रालयअन्तर्गत तत्काल गर्नुपर्ने योजना कार्यक्रममा तीन वटा कामका लागि रु ६० करोड ६८ लाख र मध्यम तथा दीर्घकालमा गर्नुपर्ने योजना तथा कार्यक्रमका लागि पाँच वटा कार्यक्रमका लागि रु एक खर्ब ९३ करोड ९५ लाख माग गरिएको छ । उक्त बजेट जलसतह मापन केन्द्र पुनर्निर्माण, नारायणी नदी नियन्त्रण, सोलार जडान, बहुप्रकोप जोखिम नक्साङ्कन तथा पूर्वसूचना प्रणाली आनुनिकीकरण, नदी नियन्त्रण कार्यक्रम, सिँचाइ योजना पुनस्थापना तथा निर्माणलगायतमा खर्च हुनेछ।

भूमि व्यवस्था सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका लागि तत्काल गर्नुपर्ने योजना कार्यक्रमअन्तर्गत एउटा र मध्यम तथा दीर्घकालमा गर्नुपर्ने योजना तथा कार्यक्रम राखिएको छ । यद्यपि आवश्यक बजेट उल्लेख गरिएको छैन । जसमा गाउँपालिका तथा वडा कार्यालयको भवन पुनर्निर्माणलगायतका योजना समेटिएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयमातहत सात वटा आयोजनाका लागि रु दुई अर्ब ५३ करोड माग गरिएको छ। जसमा विद्यालय भवन, फर्निचर तथा शैक्षिक सामग्री, आइसिटी ल्याब, पुस्तकालय तथा विद्यालय पूर्वाधार निर्माणका लागि उक्त बजेट आवश्यक भनिएको छ।

पूर्वाधार विकास मन्त्रालय मातहतका लागि खानेपानीतर्फ तत्काल गर्नुपर्ने योजना तथा कार्यक्रमका लागि १०४ वटा आयोजनाका लागि रु एक अर्ब ३२ करोड ७० लाख माग गरिएको छ। साथै झोलुङ्गे पुलतर्फ तत्काल गर्नुपर्ने योजना तथा कार्यक्रमका लागि २१ वटा आयोजनाका लागि रु १० करोड माग गरिएको छ। साथै, तुइन निर्माणका लागि रु ५० करोड आवश्यक भएको उल्लेख छ। सोही मन्त्रालयअन्तर्गत असोज ८–११ को बाढीबाट भएको क्षतिको पुनर्निर्माणका लागि१९ वटा आयोजनाका लागि रु ७३ करोड माग गरिएको छ।

झोलुङ्गे पुलको पुर्निर्माणतर्फ मध्यमकाल र दीर्घकालमा गर्नुपर्ने योजना तथा कार्यक्रमका लागि २१ वटा योजना छनोट गरिएको छ । ती आयोजनाका लागि रु १ अर्ब ४७ करोड माग गरिएको छ। साथै, असोज ९–११ को बाढीको पुनर्निर्माणका लागि पाँच वटा आयोजनाका लागि रु १५ करोड ५० लाख माग गरिएको छ। त्यसैगरी असोज १४ मा महाकाली नदीमा आएको बाढीबाट प्रभावित झोलुङ्गे पुलको पूर्वाधार निर्माणका लागि रु पाँच करोड माग गरिएको छ।

सोही मन्त्रालयअन्तर्गत भोटेकोशी–त्रिशूली बाढीले पुर्याएको क्षतिपछि सडकअन्तर्गत सात वटा आयोजनाका लागि रु ७८ करोड १२ लाख आठ हजार माग गरिएको छ। भोटेकोशी–त्रिशूली बाहेकका क्षेत्रका लागि सडकतर्फ तत्काल गर्नुपर्ने योजना तथा कार्यक्रमतर्फ ४७ वटा आयोजनाका लागि रु तीन खर्ब ७४ अर्ब सात करोड बजेट माग गरिएको छ।

साथै, सोही मन्त्रालयअन्तर्गत भोटेकोशी–त्रिशूली बाढी प्रभावित क्षेत्रमा मध्यकाल र दीर्घकालमा गर्नुपर्ने योजना तथा कार्यक्रमका लागि सडकतर्फका ३२ आयोजनाका लागि रु ४८ अर्ब २६ करोड १९ लाख ४५ हजार बजेट माग गरिएको छ । त्यसैगरी, असोजमा गएको बाढीका कारण क्षतिग्रस्त अन्य क्षेत्रका सडक पूर्वाधारतर्फ १४२ वटा आयोजनाका लागि रु आठ अर्ब ३८ करोड ५० लाख १४ हजार बजेट माग गरिएको छ।

प्राधिकरणका अनुसार भोटेकोशी–त्रिशूलीलगायत बाढीका कारण क्षतिग्रस्त ग्रामीण सडक स्तरोन्नति तथा पुर्निनिर्माणअन्तर्गत १७ वटा आयोजनाका लागि रु दुई अर्ब ४० करोड बजेट माग गरिएको छ । त्यसैगरी, सहरी विकास तथा भवन निर्माणतर्फ तत्काल गर्नुपर्ने योजना तथा कार्यक्रमतर्फ आठ वटा कार्यक्रमका लागि रु ६० करोड माग गरिएको छ।

प्राधिकरणले दिएको जानकारीअनुसार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गत तत्काल गर्नुपर्ने योजना तथा कार्यक्रममा छ वटा कार्यक्रम राखिएको छ । जसका लागि रु २७ करोड बजेट माग गरिएको छ। साथै मध्यमकाल र दीर्घकालमा गर्नुपर्ने योजना तथा कार्यक्रमका लागि स्वास्थ्य पूर्वाधारका एउटा कार्यक्रमका लागि रु १७ करोड ५० लाख बजेट माग गरिएको छ।

त्यसैगरी, कारागार कार्यालयतर्फ तत्काल गर्नुपर्ने योजना तथा कार्यक्रमका लागि दुई वटा योजनामा छनोट गरिएको छ । तर बजेट छुट्याइएको छैन । नेपाल प्रहरीले बाढीपहिरोका कारण प्रभावित क्षेत्रको पुनर्निर्माणका लागि १० वटा आयोजनाका लागि रु एक करोड ८२ लाख ६० हजार माग गरेको छ । सशस्त्र प्रहरी बल, नेपालले तत्काल गर्नुपर्ने योजना तथा कार्यक्रमका लागि १४ वटा योजनाका लागि रु ४६ करोड २७ लाख माग गरेको छ । सशस्त्रले मध्यमकाल र दीर्घकालमा गर्नुपर्ने योजना तथा कार्यक्रमअन्तर्गत खोज तथा उद्धार सामग्रीका लागि रु एक अर्ब १७ करोड ८४ लाख माग गरेको छ। प्राधिकरणका अनुसार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र अध्यागमन विभागलगायतबाट पनि केही योजना आएका छन्।

मधेशमा शिक्षा क्षेत्रको बजेट खर्चमा देखिएका कमजोरी सुधार्न अभिमुखीकरण

मधेशदृष्टि
जनकपुरधाम।
मधेश प्रदेशमा शिक्षा क्षेत्रको बजेट कार्यान्वयनमा देखिएका कमजोरी सुधार गर्न तथा शिक्षा नीतिदेखि वार्षिक कार्यक्रमसम्मको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न शिक्षा क्षेत्रका सरोकारवालालाई अभिमुखीकरण गरिएको छ । प्रदेशका आठवटै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाई प्रमुख, १३६ वटै स्थानीय तहका शिक्षा शाखा प्रमुख तथा प्रदेश सरकारका पदाधिकारीको सहभागितामा तीनदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो।
कार्यक्रममा शिक्षासम्बन्धी नीति, कानुन, नियमावली, निर्देशिका, मापदण्ड तथा वार्षिक कार्यक्रम र बजेट कार्यान्वयनका विषयमा छलफल गरिएको थियो । शिक्षा क्षेत्रका कार्यक्रम सञ्चालनमा देखिएका समस्या, बजेट खर्चको अवस्था तथा विद्यालयको शैक्षिक वातावरण सुधारका विषयमा समेत सहभागीबीच विचारविमर्श भएको थियो।
शिक्षा मन्त्रालयका सल्लाहकार शैलेन्द्र झाले अभिमुखीकरणले शिक्षा क्षेत्रको बजेट कार्यान्वयनमा देखिएका समस्या पहिचान गरी समाधान खोज्न सहयोग पुग्ने बताए।
उनले विद्यालयमा देखिएका विभिन्न समस्या सम्बोधन गर्न मन्त्रालयले ११औँ शिक्षा नियमावली ल्याउने तयारी गरिरहेको जानकारी दिए। शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयसँग सम्बन्धित अन्य सरोकारवालाका सुझाव समेटेर नियमावली तयार गर्न लागिएको झाले बताए । यसका लागि सातवटै प्रदेशमा सञ्चालन गरिने अभिमुखीकरण तथा छलफल कार्यक्रमबाट आवश्यक सुझाव संकलन गरिने उनको भनाइ थियो।
विद्यालयलाई राजनीतिक प्रभावबाट मुक्त राख्ने तथा शिक्षकका आवाजलाई संगठित र व्यवस्थित बनाउने उद्देश्यले आवश्यक कानुनी र संस्थागत व्यवस्थाका विषयमा समेत मन्त्रालयले काम गरिरहेको उनले जानकारी दिए । कार्यक्रममा शिक्षा विभागको योजना तथा कार्यक्रम शाखाका निर्देशक निलकण्ठ ढकालले स्थानीय तहमा शिक्षा क्षेत्रको बजेट खर्च गर्ने प्रक्रियामा देखिएका कमजोरीप्रति ध्यानाकर्षण गराए । संघीय सरकारबाट सशर्त अनुदानका रूपमा स्थानीय तहलाई उपलब्ध गराइने बजेट तोकिएको शीर्षक र प्रयोजनअनुसार खर्च गर्नुपर्ने व्यवस्था भए पनि कतिपय पालिकाले अन्य शीर्षकमा खर्च गर्ने गरेको उनले बताए।
बजेट खर्चमा हुने ढिलाइ र कार्यान्वयनमा देखिएका कमजोरीका कारण कतिपय शीर्षकको रकम खर्च हुन नसकी फ्रिज हुने गरेको ढकालको भनाइ थियो । यसले शिक्षा क्षेत्रमा विनियोजित बजेटको पूर्ण उपयोग र लक्षित कार्यक्रम कार्यान्वयनमा समस्या सिर्जना गरेको उनले उल्लेख गरे।
शिक्षा क्षेत्रका लागि छुट्याइएको बजेट प्रभावकारी रूपमा खर्च गर्न स्थानीय तहले निर्धारित शीर्षक र कार्यक्रमअनुसार योजना कार्यान्वयन गर्नुपर्नेमा कार्यक्रममा जोड दिइएको थियो । साथै, शिक्षा नीतिदेखि बजेट कार्यान्वयनसम्म देखिएका समस्या समाधान गर्न सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहकार्य बढाउनुपर्ने आवश्यकता औँल्याइएको थियो।
शिक्षा क्षेत्रको जिम्मेवारी तीनै तहका सरकारबीच बाँडिएको अवस्थामा नीति, कानुन तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहका शिक्षा शाखा र शिक्षा विकास तथा समन्वय इकाईको भूमिका महत्त्वपूर्ण रहने सहभागीहरूको भनाइ थियो।

तथ्यांक संकलनमा एकरूपता कायम गर्न सरोकारवालाको जोड

मधेशदृष्टि
जनकपुरधाम।
नीति निर्माणदेखि विकास योजना छनोट र कार्यान्वयनसम्म तथ्याङ्कको महत्त्वपूर्ण भूमिका रहे पनि सङ्कलनमा देखिने त्रुटि र एकरूपताको अभावले यसको विश्वसनीयतामाथि प्रश्न उठ्ने गरेको छ । तथ्याङ्कको विश्वसनीयता बढाउन सङ्कलन विधि, व्यवस्थापन प्रणाली र जनशक्ति परिचालनमा एकरूपता कायम गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।
मधेश प्रदेशको नीति तथा योजना आयोगका सदस्य नवल यादवले तथ्याङ्क सङ्कलन गर्ने प्रक्रियामै एकरूपता कायम गर्नुपर्ने बताए । तथ्याङ्कमा देखिने त्रुटिको प्रमुख कारणमध्ये सङ्कलन विधिमा समानता नहुनु पनि रहेको उनको भनाइ छ । जीवनका हरेक क्षेत्रमा तथ्याङ्कको आवश्यकता बढ्दै गएको उल्लेख गर्दै यादवले तथ्याङ्कलाई विश्वसनीय बनाउन सङ्कलन प्रक्रियामा



देखिने त्रुटि हटाउनुपर्ने बताए।
राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक राजन सिलवालले पनि तथ्याङ्क सङ्कलनमा त्रुटि हुने गरेको स्वीकार गर्दै त्यसको एउटा प्रमुख कारण जनशक्तिको अभाव रहेको बताए । उनले तथ्याङ्कसम्बन्धी कामलाई व्यवस्थित बनाउन प्रत्येक स्थानीय तहमा तथ्याङ्कसम्बन्धी कर्मचारीको व्यवस्था गर्नुपर्नेमा जोड दिए।
स्थानीय तहबाटै तथ्याङ्क सङ्कलन र व्यवस्थापनको काम व्यवस्थित बनाउन सके राष्ट्रिय स्तरमा उपलब्ध हुने तथ्याङ्कको गुणस्तर सुधार गर्न सहज हुने सिलवालको भनाइ छ।
सङ्घ, प्रदेश र स्थानीय तहले आ–आफ्नै ढङ्गले तथ्याङ्क सङ्कलन गर्दा एकरूपता कायम गर्न कठिन हुने र त्यसले योजना निर्माणदेखि कार्यान्वयनसम्म असर पार्न सक्ने सरोकारवालाको भनाइ छ । उनीहरूले तथ्याङ्क सङ्कलनको साझा विधि निर्धारण, दक्ष जनशक्तिको व्यवस्था तथा तीनै तहका सरकारबीच समन्वय प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याएका छन्।

फाइल जलेको बहानामा नागरिकताको...

र कानुनी प्रक्रियाका आधारमा हुनुपर्छ।
अग्रवालको नागरिकता झुटो हो वा सही भन्ने निष्कर्ष सम्बन्धित प्रमाणको परीक्षणपछि मात्र निकाल्न सकिन्छ।
उजुरी परेको तथ्यले मात्रै नागरिकता अवैध ठहरिँदैन। त्यसैगरी, मूल फाइल नभेटिएको कारणले मात्र नागरिकता वैध रहेको पनि स्वतः प्रमाणित हुँदैन । यसैले प्रशासनले न त उजुरीलाई बेवास्ता गर्न मिल्छ, न त पर्याप्त प्रमाणबिना कसैलाई दोषी ठहर गर्ने। निष्पक्ष छानबिन र प्रमाणमा आधारित निर्णय नै यसको सही बाटो हो।

सर्लाही प्रशासनले जवाफ दिनुपर्ने पाँच प्रश्न

रवीकुमार अग्रवालको नागरिकतासम्बन्धी विवादमा सर्लाही प्रशासनले कम्तीमा पाँच विषय स्पष्ट पार्नुपर्ने देखिन्छ। १. कुन अभिलेख जलेको हो ? आगलागीको मिति, स्थान, नष्ट भएका कागजातको विवरण र त्यसको आधिकारिक प्रमाण के छ ?
२. नागरिकता जारी गर्दाका आधार खोजिए कि खोजिएनन् ? मूल फाइल नभए पनि अन्यत्र रहेका अभिलेख तथा सम्बन्धित कागजातको खोजी गरियो ?
३. वडा र अन्य सरकारी अभिलेख भिडाइयो कि भिडाइएन ? जन्मदर्ता, सिफारिस, बसाइँसराइ तथा पारिवारिक विवरण परीक्षण गरियो ?
४. सम्बन्धित व्यक्तिसँग सोधपुछ गरियो कि गरिएन ? सिफारिसकर्ता, सनाखतकर्ता तथा आवश्यक अन्य व्यक्तिसँग विवरण लिइयो ?
५. उजुरीमाथि के निष्कर्ष निकालियो ? नागरिकताको वैधतासम्बन्धी निर्णय कुन प्रमाण, अनुसन्धान र कानुनी आधारमा गरिएको हो ? यी प्रश्नको जवाफ सार्वजनिक हुँदा मात्रै नागरिकतासम्बन्धी विवादमा प्रशासनको भूमिका र छानबिनको विश्वसनीयता स्पष्ट हुनेछ।

फाइल खरानी भयो भन्दैमा जवाफदेहिता पनि खरानी हुन मिल्दैन

सरकारी अभिलेख हराउनु वा नष्ट हुनु प्रशासनको कमजोरी हुन सक्छ। तर त्यसलाई नागरिकतामाथि परेको उजुरीको अन्तिम जवाफ बनाउनु उचित हुँदैन। नागरिकताको विषय व्यक्तिको कानुनी पहिचान, राज्यको अभिलेख प्रणाली र सार्वजनिक प्रशासनको विश्वसनीयतासँग जोडिएको हुन्छ।
रवीकुमार अग्रवालको नागरिकतासम्बन्धी उजुरीमा अब सर्लाही प्रशासनले स्पष्ट पार्नुपर्ने विषय यही हो अभिलेख नष्ट भएको दाबीको प्रमाण के छ, उपलब्ध अन्य प्रमाणको परीक्षण कसरी गरियो र निष्कर्षमा पुग्ने आधार के हुन् ?
फाइल जलेको हो भने त्यसको प्रमाण देखाउनुपर्छ।
नागरिकता वैध छ भने उपलब्ध आधार स्पष्ट पार्नुपर्छ।
अवैध भएको प्रमाणित हुन्छ भने कानुनअनुसार प्रक्रिया अघि बढाउनुपर्छ । नागरिकतामाथिको उजुरीको जवाफ अनुमानले होइन, प्रमाणले दिनुपर्छ।
किनकि सरकारी फाइल खरानी हुन सक्छ, तर त्यसको खोजी गर्ने प्रशासनिक दायित्व र जवाफदेहिता खरानी हुन सक्दैन।

वीरगंज महानगरको आर्थिक हिसाब खोज्दै जेन–जी पर्सा आय–व्ययदेखि बैंक मौज्दातसम्मको विवरण माग

मधेशदृष्टि
वीरगंज।
वीरगंज महानगरपालिकाको आर्थिक अवस्थाबारे पारदर्शिता कायम गर्न माग गर्दै जेन–जी पर्साले महानगरसँग विस्तृत आर्थिक विवरण माग गरेको छ । जेन–जी पर्साका संयोजक विशेष साहको नेतृत्वमा बुधबार महानगरपालिका पुगेको टोलीले आय–व्यय, सञ्चित कोष, बैंक मौज्दातदेखि विकास खर्च र भुक्तानी दिन बाँकी दायित्वसम्मका विवरण प्रमाणित रूपमा उपलब्ध गराउन माग गरेको हो । महानगरपालिकाको वास्तविक आर्थिक अवस्था के छ, सार्वजनिक कोषमा कति रकम छ र नागरिकबाट संकलित राजस्व तथा सरकारबाट प्राप्त अनुदान कसरी खर्च भइरहेको छ भन्ने विषय नागरिकले जान्न पाउनुपर्ने जेन–जी पर्साको भनाइ छ । सार्वजनिक बजेटको उपयोग पारदर्शी र प्रभावकारी हुनुपर्नेमा जोड दिँदै टोलीले महानगरको आर्थिक विवरण स्पष्ट रूपमा सार्वजनिक गर्न माग गरेको जनाएको छ।

आय–व्ययदेखि बाँकी भुक्तानीसम्मको हिसाब माग

जेन–जी पर्साले महानगरपालिकाको हालसम्मको आर्थिक अवस्थासँग सम्बन्धित विभिन्न शीर्षकका प्रमाणित कागजात उपलब्ध गराउन माग गरेको छ । टोलीले विशेषगरी निम्न विवरण माग गरेको जनाएको छ।
– महानगरपालिकाको हालसम्मको आय–व्यय विवरण।
– सञ्चित कोष र बैंक खातामा रहेको मौज्दात।
– आन्तरिक राजस्व संकलनको अवस्था।
– संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदानको विवरण।
– विकास निर्माण तथा पुँजीगत खर्चको अवस्था।
– भुक्तानी दिन बाँकी रहेका दायित्वको विवरण।
– लेखापरीक्षण प्रतिवेदन तथा आर्थिक अवस्थासँग सम्बन्धित अन्य विवरण । यी विवरण प्राप्त भएपछि महानगरपालिकाको आम्दानी, खर्च, उपलब्ध वित्तीय स्रोत र बाँकी दायित्वबारे स्पष्ट जानकारी प्राप्त गर्न सकिने टोलीको अपेक्षा छ।

नागरिकको करबाट उठेको रकमको हिसाब सार्वजनिक हुनुपर्ने

महानगरपालिकाले नागरिकबाट संकलन गर्ने कर तथा विभिन्न सरकारी स्रोतबाट प्राप्त गर्ने रकम सार्वजनिक सम्पत्ति भएकाले त्यसको उपयोगबारे नागरिकलाई जानकारी दिनुपर्ने जेन–जी पर्साको जोड छ । सार्वजनिक बजेट कहाँबाट आयो, कुन क्षेत्रमा कति खर्च भयो र कति रकम बाँकी छ भन्ने विषयमा स्पष्टता नहुँदा आर्थिक पारदर्शिता र जवाफदेहितामाथि प्रश्न उठ्न सक्ने टोलीको भनाइ छ । त्यसैले आर्थिक विवरण उपलब्ध गराउनु



केवल प्रशासनिक प्रक्रिया नभई नागरिकप्रतिको जवाफदेहितासँग जोडिएको विषय भएको जेन–जी पर्साले जनाएको छ।

सुशासनका लागि निगरानी र खबरदारी जारी राख्ने

जेन–जी पर्साले सार्वजनिक खर्चको पारदर्शिता, सुशासन र स्थानीय सरकारको जवाफदेहिता सुनिश्चित गर्न आर्थिक गतिविधिमाथि निगरानी तथा खबरदारी जारी राख्ने जनाएको छ। महानगरपालिकाको आर्थिक अवस्थाबारे प्रमाणित विवरण माग गर्नुको उद्देश्य सार्वजनिक स्रोतको उपयोगबारे स्पष्टता कायम गर्नु र नागरिकले आफ्नो स्थानीय सरकारको आर्थिक गतिविधिबारे जानकारी पाउने वातावरण बनाउनु रहेको टोलीको भनाइ छ।

सल्यानका समस्या समाधान गर्न सांसद...

स्थानीयबाट उठेका प्रश्न र गुनासोलाई सम्बोधन गर्न सांसद पन्तले प्रमुख जिल्ला अधिकारी बन्दना कुमारी केसीलाई सम्बन्धित सरकारी कार्यालयका प्रमुखहरूसँग बैठक राखेर समस्याबारे स्पष्ट छलफल गर्न आग्रह गरेका थिए।

सरकारी अधिकारीसँग प्रत्यक्ष सवाल–जवाफ

सांसद पन्तको पहलपछि जिल्ला प्रशासन कार्यालय सल्यानको बैठक कक्षमा प्रमुख जिल्ला अधिकारी केसीको अध्यक्षतामा सम्बन्धित निकायका प्रमुखहरूको सहभागितामा छलफल भएको थियो । बैठकमा स्थानीयस्तरमा देखिएका समस्या तथा सेवाप्रवाहसँग सम्बन्धित प्रश्न उठाइएका थिए।
छलफलका क्रममा सम्बन्धित कार्यालयका प्रमुखहरूले उठेका प्रश्नको जवाफ दिँदै जिल्लाबाटै समाधान गर्न सकिने विषय तत्काल सम्बोधन गर्ने र जिल्लाको अधिकारक्षेत्रभन्दा बाहिरका विषय सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने प्रतिबद्धता जनाएका थिए।
बैठकमा शारदा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिशचन्द्र बुढा, जिल्ला प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक दीपक पातली, नेपाल विद्युत् प्राधिकरणका प्रमुख नरेशदत्त रावल तथा भौतिक पूर्वाधार विकास कार्यालयका निमित्त प्रमुख सिद्धार्थ मिश्रलगायतको उपस्थिति थियो।
स्थानीयका गुनासा सम्बन्धित अधिकारीसमक्ष पु- याएर जवाफ माग्ने र समाधानका लागि प्रतिबद्धता खोज्ने उद्देश्यले गरिएको यो पहलले जिल्लाका सार्वजनिक सरोकारका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ। यद्यपि, बैठकमा व्यक्त प्रतिबद्धता व्यवहारमा कति कार्यान्वयन हुन्छ भन्ने विषय भने आगामी दिनमा महत्वपूर्ण हुनेछ।

उम्मेदवार छनोटदेखि संगठन निर्माणसम्म प्रशिक्षण

'हामी आउँदैछौँ' अभियानका क्रममा सांसद पन्तले स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै पार्टीका नेता, कार्यकर्ता तथा शुभेच्छुकलाई संगठन निर्माण र उम्मेदवार छनोट प्रक्रियाबारे प्रशिक्षणसमेत दिएका थिए । कार्यक्रममा पार्टीको 'क्यान्डिडेट क्लब'मा आबद्ध हुने चरणदेखि उम्मेदवार छनोटका विभिन्न प्रक्रियासम्मका विषयमा जानकारी दिँदै उनले स्थानीयका जिज्ञासालाई सम्बोधन गरेका थिए।
पन्तले पार्टीको विधि र विधानभन्दा बाहिर गएर कसैले टिकट नपाउने स्पष्ट पार्दै कार्यकर्तालाई निष्पक्ष प्रक्रियाप्रति विश्वस्त रहन आग्रह गरेका थिए । उनले संगठन विस्तारलाई प्राथमिकता दिनुका साथै पार्टी र सरकारले गरेका सकारात्मक काम जनतामाझ पुर्‍याउन निर्देशन दिएका थिए । रास्वपाको स्थानीय निर्वाचनलक्षित अभियानअन्तर्गत आयोजित कार्यक्रममा जिल्लाको संगठनात्मक अवस्था, सम्भावित उम्मेदवार छनोट प्रक्रिया र स्थानीय समस्याबारे छलफल गरिएको थियो।
अभियानमा रास्वपा सल्यानका जिल्ला सभापति प्रकाश नेपाली तथा नेता रामबहादुर केसी, खड्ग बुढा, लालबहादुर विकलगायतको सहभागिता थियो । सरकारी निकायसँग प्रत्यक्ष छलफल र संगठन सुदृढीकरणलाई सँगसँगै अघि बढाउँदै सांसद पन्तले सल्यानमा 'हामी आउँदैछौँ' अभियानको समापन गरेका छन् । अब स्थानीयले उठाएका समस्या समाधानका लागि बैठकमा गरिएका प्रतिबद्धता कार्यान्वयन हुन्छन् कि हुँदैनन् भन्ने विषयले यस पहलको प्रभावकारिता निर्धारण गर्नेछ।

ई–जीपी हटाएर कागजी ठेक्का...

ठेक्का लाग्ने गरेको थियो । तर, कागजी प्रक्रियाबाट ठेक्का लगाउँदा औसत मूल्य घट्ने दर ५ देखि ७ प्रतिशतमा सीमित रहेको उनको दाबी छ।
उनले सार्वजनिक खरिदमा प्रतिस्पर्धा कमजोर हुँदा राज्यले प्राप्त गर्न सक्ने आर्थिक लाभ गुम्ने र त्यसको भार अन्ततः सार्वजनिक कोषमा पर्ने बताएका छन् । 'यसबाट राज्यकोषमा भइरहेको अर्बौंको सम्भावित नोक्सानीको जिम्मेवारी कसले लिने ? के यही हो सुशासन ? कदापि होइन,' साहले सामाजिक सञ्जालमा लेखेका छन्।
यद्यपि, उनले प्रस्तुत गरेका ठेक्का मूल्यसम्बन्धी तथ्यांकको स्वतन्त्र पुष्टि समाचारमा उपलब्ध छैन। उनका यी दाबीको आधिकारिक तथ्यांकबाट परीक्षण हुन भने आवश्यक छ।

ठेकेदारको मिलेमतोदेखि बिचौलियाको प्रभावसम्मको आशंका

साहले कागजी प्रक्रियाबाट ठेकेदार छनोट गर्दा ठूला ठेकेदारको मनोमानी बढ्न सक्ने चेतावनी दिएका छन्।
यस्तो व्यवस्थाले ठेकेदारबीच मिलेमतो र कार्टेलिङलाई प्रोत्साहन गर्न सक्ने तथा त्यसबाट कर्मचारी, मन्त्री र बिचौलियाहरू लाभान्वित हुने जोखिम रहेको उनको आशंका छ।
उनका अनुसार सार्वजनिक खरिद प्रणालीको उद्देश्य सीमित समूहलाई लाभ पु- याउनु नभई खुला प्रतिस्पर्धामार्फत राज्यको स्रोतको अधिकतम सदुपयोग गर्नु हो । त्यसैले पारदर्शी अनलाइन प्रणालीलाई रोक्ने निर्णयको औचित्य सरकारले स्पष्ट पार्नुपर्ने उनको माग छ।

ई–जीपी तत्काल सञ्चालनमा ल्याउन माग

सार्वजनिक खरिदलाई पारदर्शी, प्रतिस्पर्धात्मक र मितव्ययी बनाउन साहले हार्डकपीमार्फत ठेकेदार छनोट गर्ने प्रक्रिया तत्काल रोक्न सरकारसँग माग गरेका छन्।
विद्युतीय खरिद प्रणालीमा प्राविधिक समस्या वा सुरक्षा जोखिम देखिएको भए त्यसलाई समाधान गरेर प्रणालीलाई पूर्ण रूपमा सञ्चालनमा ल्याउनुपर्ने उनको सुझाव छ । यसका लागि उनले नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय तथा सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्।
सरकारको निर्णयका कारण राज्यकोषमा सम्भावित आर्थिक नोक्सानी हुने अवस्था आए त्यसको जिम्मेवारी सम्बन्धित निकायले लिनुपर्ने साहको भनाइ छ । सार्वजनिक खरिदमा पारदर्शिता र प्रतिस्पर्धा सुनिश्चित गर्नु सुशासनको महत्त्वपूर्ण आधार हो । त्यसैले ई–जीपी प्रणालीबाट कागजी प्रक्रियामा फर्किनुपर्ने कारण, त्यसको औचित्य र सम्भावित आर्थिक प्रभावबारे सरकारले स्पष्ट धारणा सार्वजनिक गर्नुपर्ने देखिन्छ।

प्रदेशलाई अधिकार र बजेट हस्तान्तरण गर्न...

प्राप्त सम्पूर्ण राजस्व प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्ने तथा सवारी दर्ता र चालक अनुमतिपत्रबाट प्राप्त हुने राजस्व सम्बन्धित व्यक्तिको स्थायी ठेगाना भएको प्रदेशले पाउने व्यवस्था गर्न पनि आग्रह गरिएको छ।
यसैगरी, प्रदेशको एकल अधिकार क्षेत्रभित्र पर्ने ६ अर्ब रुपैयाँभन्दा माथिका लगानी परियोजनाको स्वीकृति प्रदेश सरकारबाटै हुने कानुनी व्यवस्था मिलाउन संघीय सरकारसँग अनुरोध गरिएको छ । प्रदेशको अधिकार क्षेत्रभित्रका परियोजना स्वीकृति र कार्यान्वयनमा प्रदेशको भूमिका सुनिश्चित हुनुपर्ने मुख्यमन्त्रीहरूको साझा धारणा रहेको छ।
अन्तरप्रदेश हवाई उडान सञ्चालनदेखि संयुक्त लगानीसम्म मुख्यमन्त्री सम्मेलनले प्रदेशहरूबीच आर्थिक गतिविधि, पर्यटन र आवागमन विस्तार गर्न अन्तरप्रदेश सीधा हवाई उडान सञ्चालनको सम्भाव्यता अध्ययन गर्ने निर्णय गरेको छ । विराटनगर–पोखरा, सुर्खेत–भैरहवा, पोखरा–सुर्खेत, जनकपुर–पोखरा र भैरहवा–धनगढीजस्ता गन्तव्यमा सीधा उडान सुरु गर्ने विषय घोषणापत्रमा समेटिएको छ।
कृषि, पर्यटन सर्किट, नदी बेसिन, विपद् जोखिम व्यवस्थापन तथा डिजिटल पूर्वाधारका क्षेत्रमा प्रदेशहरूबीच संयुक्त लगानी र साझेदारी अघि बढाउने सहमति पनि भएको छ । आ–आफ्ना प्रदेशमा उपलब्ध स्रोतसाधनको उपयोग गर्दै आर्थिक तथा पर्यटकीय सम्बन्ध विस्तार गर्न अन्तरप्रदेश सहकार्यलाई थप व्यवस्थित बनाउने निर्णय गरिएको छ।
विपद् व्यवस्थापनका लागि उच्च पहाडी तथा हिमाली क्षेत्रका हिमतालहरूको अवस्था अध्ययन गर्ने, पूर्वसूचना प्रणाली विकास गर्ने र विपद्का बेला आवश्यक स्रोतसाधन तथा जनशक्ति तत्काल परिचालन गर्न अन्तरप्रदेश संयन्त्र बनाउने घोषणा गरिएको छ। विपद् कुनै एक प्रदेशमा सीमित नहुने भएकाले प्रभावित क्षेत्रलाई आवश्यक सहयोग उपलब्ध गराउन प्रदेशहरूबीच समन्वय र सहकार्य आवश्यक रहेको घोषणापत्रको जोड छ।

प्रदेश सरकारको संरचना सुधार र वित्तीय अनुशासनमा जोड

घोषणापत्रमा प्रदेश सरकारअन्तर्गतका कार्यालय तथा संरचनाको नियमित पुनरावलोकन गरी तिनलाई चुस्त, मितव्ययी र नतिजामुखी बनाउने प्रतिबद्धता पनि व्यक्त गरिएको छ। बजेट विनियोजन गर्दा राजनीतिक पहुँच र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर वित्तीय अनुशासन कायम गर्ने तथा भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अपनाउने साझा संकल्प गरिएको छ।
स्थानीय तहलाई प्रतिस्पर्धी नभई विकास साझेदारका रूपमा लिएर अघि बढ्ने प्रतिबद्धतासमेत मुख्यमन्त्रीहरूले जनाएका छन् । प्रदेश र स्थानीय तहबीचको सहकार्यलाई प्रभावकारी बनाउँदै विकास आयोजना तथा सार्वजनिक सेवा प्रवाहमा समन्वय बढाउने विषय घोषणापत्रमा समेटिएको छ।
संघीयता कार्यान्वयनका क्रममा प्रदेशहरूले भोग्दै आएका कानुनी, प्रशासनिक र वित्तीय समस्यालाई साझा रूपमा उठाउँदै समाधानका लागि संघीय सरकारसँग समन्वय गर्ने उद्देश्यले सम्मेलन आयोजना गरिएको हो । सम्मेलनबाट जारी घोषणापत्रले प्रदेशका अधिकार कार्यान्वयन, स्रोतसाधनको न्यायोचित बाँडफाँट र अन्तरप्रदेश साझेदारीलाई संस्थागत गर्ने विषयलाई प्राथमिकता दिएको छ।
घोषणापत्रमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगर, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, कर्णाली प्रदेशका मुख्यमन्त्री मंगलबहादुर शाही र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले हस्ताक्षर गरेका छन्।

आशारामको ६२औँ आत्मसाक्षात्कार दिवस मनाइयो

मधेशदृष्टि
जनकपुरधाम।
सन्त आशारामको ६२औँ आत्मसाक्षात्कार दिवस जनकपुरधाममा मनाइएको छ । आशारामप्रतिको श्रद्धा र सेवाभावलाई आत्मसात् गर्दै आयोजित कार्यक्रममा धार्मिक अनुष्ठानसँगै मानव सेवाका कार्यहरूलाई पनि विशेष प्राथमिकता दिइएको थियो।
श्री योग वेदान्त सेवा समिति, जनकपुरधामको तर्फबाट वृद्धाश्रममा फलफूल वितरण गर्नुका साथै कबीर आश्रमका बालबालिकाहरूलाई समेत फलफूल वितरण गरिएको थियो । यी सेवामूलक कार्यहरूले प्रेम, करुणा, सहयोग र परोपकारको सुन्दर सन्देश प्रवाह गरेका थिए । कार्यक्रममा विधिपूर्वक हवन तथा पाठ सम्पन्न गरिएपछि भव्य संकीर्तन यात्रा निकालिएको थियो।
भजन–कीर्तनको मधुर धुन, गुरुभक्तिको भाव र साधकहरूको उत्साहले सम्पूर्ण वातावरण भक्तिमय बनेको थियो । संकीर्तन यात्रामा सहभागी साधकहरू गुरुचरणप्रतिको श्रद्धा र भक्तिमा भावविभोर देखिन्थे। सबैको अनुहारमा प्रसन्नता र हृदयमा अपार आनन्दको अनुभूति झल्किरहेको थियो।

भोटेकोशी बाढीपीडितलाई...

धादिङका पाँच हजार १ सय १६ परिवारलाई स्थायी बसोबासको व्यवस्था गर्नुअघि अस्थायी आवास निर्माण गरिने बताए।
सरकारले बाढीपीडित परिवारलाई पाँच महिनासम्म मासिक १५ हजार रुपैयाँका दरले राहत उपलब्ध गराउने निर्णय गरेको छ। चार जनाभन्दा बढी सदस्य भएका परिवारलाई प्रत्येक थप सदस्यका लागि दुई हजार रुपैयाँका दरले थप रकम उपलब्ध गराइनेछ । प्रभावित परिवारलाई आगामी तीन महिनाका लागि ४५ हजार रुपैयाँका दरले आर्थिक सहायता उपलब्ध गराउने प्रक्रिया पनि अघि बढाइएको उनले बताए।
इन्जिनियरिङ अध्ययन संस्थानका प्राध्यापक सञ्जय उप्रेतीले पुनःस्थापनाका क्रममा विपद् तथा इन्जिनियरिङ पक्षसँगै सामाजिक, आर्थिक र सांस्कृतिक पक्षलाई पनि ध्यान दिनुपर्ने बताए।
टिमुरेकी स्थानीय छेदिन डोल्माले बाढीपछिको मानसिक त्रासबाट आफूहरू अझै मुक्त हुन नसकेको बताए ।स्थानीय नामग्याल घलेले आफूहरू पूर्ण रूपमा विस्थापित भएको र अब कहाँ जाने भन्ने टुङ्गो नभएको बताए।
टिमुरेस्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयका प्रधानाध्यापक फूर्वु दोर्जेले बाढीमा विद्यालयका १० विद्यार्थी बेपत्ता भएको र भवन पूर्ण रूपमा नष्ट भएकाले आगामी दिनमा विद्यालय सञ्चालन तथा शैक्षिक वातावरणबारे अन्योल रहेको बताए।
नुवाकोटका पत्रकार निराजन पौडेलले बाढीमा आफ्ना आमाबुवासहित परिवारका पाँच सदस्य गुमाएको र बाढी आएको ५० दिन बितिसक्दा पनि राहत नपाएको गुनासो गरे।

पर्साका दुई पालिकाको बैंक खाता ठप्प,

तीन महिनादेखि कर्मचारी र शिक्षकले पाएनन् तलब



मधेशदृष्टि
वीरगंज।
पर्साका दुई स्थानीय तहको बैंक खाता सञ्चालनमा आउन नसक्दा पालिकाको आर्थिक कारोबार ठप्प भएको छ । पोखरिया नगरपालिका र सखुवा प्रसौनी गाउँपालिकाका कर्मचारी तथा शिक्षकले तीन महिनादेखि तलब पाउन सकेका छैनन् । दशैंको मुखमा समेत तलब र चाडपर्व खर्च नपाउँदा उनीहरू आर्थिक संकटमा परेका छन् भने विकास निर्माणका कामसमेत प्रभावित भएका छन्।

नयाँ आर्थिक वर्ष २०८३/०८४ सुरु भएको तीन महिना बित्न लाग्दासमेत दुवै पालिकाको बैंक खाता सञ्चालन हुन नसक्दा नियमित भुक्तानी प्रक्रिया अवरुद्ध भएको हो । यसको प्रत्यक्ष मारमा कर्मचारी र शिक्षक परेका छन् भने पालिकाको विकास तथा सेवा प्रवाहसम्बन्धी काममा समेत असर पर्ने अवस्था सिर्जना भएको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय, वीरगञ्जका सूचना अधिकारी रामविनय मुखियाका अनुसार पोखरिया नगरपालिका र सखुवा प्रसौनी गाउँपालिकाको खाता सञ्चालन हुन नसक्दा आर्थिक कारोबार प्रभावित भएको छ।

कतै बजेट पारित भएन, कतै अख्तियारी रोकियो

दुवै पालिकाको बैंक खाता सञ्चालन नहुनुको कारण भने फरक–फरक छ । पोखरिया नगरपालिकाले चालु आर्थिक वर्षको बजेट पारित गर्न नसकेका कारण आर्थिक कारोबार अघि बढ्न सकेको छैन। यता, सखुवा प्रसौनी गाउँपालिकामा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई आर्थिक कारोबार सञ्चालन गर्ने अख्तियारी नदिएका कारण खाता सञ्चालनमा समस्या आएको जनाइएको छ।

बजेट पारित गर्ने र आर्थिक कारोबारका लागि आवश्यक अख्तियारी प्रदान गर्ने प्रक्रियामा भएको ढिलाइले समग्र पालिकाको आर्थिक गतिविधि प्रभावित बनेको छ । प्रशासनिक तथा प्रक्रियागत समस्या समयमै समाधान हुन नसक्दा कर्मचारीको पारिश्रमिकदेखि विकास निर्माणका कामसम्म प्रभावित भएका हुन्।

दशैंको मुखमा तलब र चाडपर्व खर्चबाट वञ्चित

खाता सञ्चालनमा रहेका अधिकांश स्थानीय तहले कर्मचारी तथा शिक्षकको तलब भुक्तानी गरिसकेका छन् । तर, पोखरिया र सखुवा प्रसौनीका कर्मचारी तथा शिक्षक भने तीन महिनादेखिको तलब र दशैं खर्चको प्रतीक्षामा छन्।

दशैंजस्तो महत्वपूर्ण चाड नजिकिँदै गर्दा नियमित आम्दानी रोकिएपछि उनीहरूलाई घरपरिवारको खर्च व्यवस्थापन गर्न कठिन भएको छ। दैनिक उपभोग्य सामग्री खरिद, बालबालिकाको पढाइ तथा अन्य आवश्यक खर्च धान्नसमेत समस्या भइरहेको छ।

सरकारले कर्मचारीलाई १५ दिनमै तलब उपलब्ध गराउने नीति लिए पनि स्थानीय तहको आन्तरिक प्रक्रिया र प्रशासनिक निर्णयमा भएको ढिलाइका कारण यहाँका कर्मचारी तथा शिक्षकले त्यसको लाभ लिन सकेका छैनन्।

कर्मचारीको तलबदेखि विकास निर्माणसम्म असर

बैंक खाता सञ्चालन नहुँदा तलब भुक्तानीमा मात्र समस्या सीमित छैन । पालिकाको नियमित आर्थिक कारोबार अवरुद्ध भएपछि विकास निर्माणका योजना कार्यान्वयन र अन्य भुक्तानी प्रक्रियासमेत प्रभावित भएका छन्।

स्थानीय तहमा जनप्रतिनिधि र प्रशासनिक नेतृत्वबीचको प्रक्रियागत समस्या समाधान हुन नसक्दा त्यसको भार कर्मचारी, शिक्षक र अन्ततः स्थानीय सेवाग्राहीले बेहोर्नुपर्ने अवस्था देखिएको छ । बजेट पारित गर्ने तथा आर्थिक कारोबार सञ्चालन गर्ने अख्तियारी प्रदान गर्ने विषयमा समयमै निर्णय नहुँदा सार्वजनिक सेवा र विकास गतिविधि प्रभावित हुनु गम्भीर विषय हो।

दशैंअघि नै बैंक खाता सञ्चालनमा ल्याएर रोकिएको भुक्तानी प्रक्रिया सुचारु गर्न नसकिए कर्मचारी तथा शिक्षकले तलब र चाडपर्व खर्चबिनै दशैं मनाउनुपर्ने अवस्था आउन सक्छ।

त्यसैले पोखरिया नगरपालिका र सखुवा प्रसौनी गाउँपालिकाले आ–आफ्ना समस्या तत्काल समाधान गरी बैंक खाता सञ्चालनमा ल्याउन आवश्यक छ । बजेट र प्रशासनिक अख्तियारीसम्बन्धी विवाद वा ढिलाइको सजाय कर्मचारी तथा शिक्षकले तीन महिनासम्म तलब नपाएर भोग्नुपर्ने अवस्था अन्त्य गर्न सम्बन्धित जनप्रतिनिधि र प्रशासनिक नेतृत्वले तत्काल निर्णय लिनुपर्ने देखिन्छ।

हराउँदै गएको दसैँको परम्परा जोगाउन

वीरगंज, निजगढ र चन्द्रपुरमा लिङ्गे पिङ

मधेशदृष्टि
वीरगंज।
विजयादशमीको अवसरमा नेपाली मौलिक संस्कृति र परम्पराको संरक्षण तथा प्रवद्र्धन गर्ने उद्देश्यले वीरगंज महानगरपालिकाको आदर्शनगर मेनरोड र लोहारपट्टि चोकमा परम्परागत लिङ्गे पिङ निर्माण गर्न लागिएको छ । वीरगंज महानगरपालिका, नेपाली सेनाको श्री श्रीजंग गण र ग्रीनसिटी सामुदायिक प्रहरी सेवा केन्द्रको समन्वय तथा सहकार्यमा पिङ निर्माणको काम अघि बढाइएको हो।

पिङ निर्माणले दसैँको रौनक बढाउनुका साथै मौलिक परम्परालाई नयाँ पुस्तासम्म हस्तान्तरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । नेपाली समाजमा चाडपर्वका अवसरमा पिङ खेल्ने परम्परा प्राचीन कालदेखि नै रहँदै आएको छ । विशेषगरी दसैँमा पिङ खेल्ने, आफन्त तथा साथीभाइसँग भेटघाट गर्ने र आपसी खुसी साटासाट गर्ने चलनले सांस्कृतिक महत्त्व बोकेको छ । तर, आधुनिकताको प्रभावसँगै यस्ता मौलिक परम्परा विस्तारै हराउँदै जान थालेपछि तिनको संरक्षणका लागि पिङ निर्माण गर्न लागिएको हो।

यसैगरि बडादसैँको अवसरमा परम्परागत नेपाली लोक संस्कृति र परम्पराको संरक्षण तथा सर्वसाधारणको मनोरञ्जनलाई ध्यानमा राख्दै नेपाली सेनाले बाराको निजगढ नगरपालिकामा लिङ्गे पिङ स्थापना गरेको छ । नेपाली सेनाले निजगढ नगरपालिका–८ स्थित गौरीशंकर माध्यमिक विद्यालयको पुरानो खुला मैदानमा लिङ्गे पिङ निर्माण गरेको हो।

दसैँको सांस्कृतिक परम्पराका रूपमा रहेको पिङ खेल्ने चलन तथा परम्परालाई निरन्तरता दिने र स्थानीयवासीलाई चाडपर्वको रमाइलो अनुभूति गराउने उद्देश्यले पिङ निर्माण गरिएको नेपाली सेनाले जनाएको छ।

बडादशैँको सांस्कृतिक रौनक बढाउने उद्देश्यले रौतहटको चन्द्रपुरमा नेपाली सेनाले परम्परागत पिङ निर्माण गरेको छ।

चन्द्रपुर नगरपालिका–४ स्थित शान्ति टोलको एकता मैदानमा श्री नारायणदल गणले पिङ निर्माण गरेको हो। पिङ निर्माणसँगै स्थानीयवासीलाई दशैँको खुसी साटासाट गर्न र परम्परागत संस्कृतिसँग जोडिन थप अवसर मिल्ने अपेक्षा गरिएको छ।

दशैँमा पिङ खेल्ने नेपाली परम्पराले आपसी सद्भाव, सामाजिक एकता र सांस्कृतिक पहिचानलाई बलियो बनाउँदै आएको छ । मौलिक संस्कृति संरक्षण तथा प्रवद्र्धन गर्ने उद्देश्यले निर्माण गरिएको पिङले स्थानीय क्षेत्रमा दशैँको उत्साह थप्ने विश्वास गरिएको छ।

बौद्ध धर्मगुरु लामा घ्याछो रिन्पोछे

'जगत गुरु अनन्त परिषद्'को नेपाल अध्यक्षमा नियुक्त

मधेशदृष्टि
जनकपुरधाम।
नेपालका बौद्ध धर्मगुरु लामा घ्याछो रिन्पोछेलाई 'जगत गुरु अनन्त परिषद्'को नेपाल राष्ट्र अध्यक्षमा नियुक्त गरिएको छ । परिषद्ले जारी गरेको नियुक्तिपत्रअनुसार उहाँलाई नेपालमा सनातन धर्मको प्रचार–प्रसार, धार्मिक सद्भाव प्रवद्र्धन, सांस्कृतिक संरक्षण तथा मानवकल्याणका क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिम्मेवारी प्रदान गरिएको हो।

परिषद्ले रिन्पोछेको आध्यात्मिक अनुभव, धार्मिक निष्ठा र मानवसेवाप्रतिको समर्पणबाट संस्थालाई नयाँ दिशा र ऊर्जा प्राप्त हुने विश्वास व्यक्त गरेको छ। नियुक्तिपत्रमा नेपालमा सनातन धर्मका महान् परम्पराको प्रचार–प्रसार गर्दै समाजमा प्रेम, शान्ति, एकता र भाइचाराको भावना सुदृढ बनाउन उहाँले योगदान पु¥याउने अपेक्षा गरिएको छ।

नियुक्तिपत्रमा रिन्पोछेलाई परिषद्को तर्फबाट नेपालमा मण्डलेश्वर तथा महामण्डलेश्वर नियुक्त गर्ने अधिकारसमेत प्रदान गरिएको



उल्लेख छ। परिषद्का अनुसार, उक्त अधिकार धार्मिक परम्परा, संस्थागत धर्मादेश तथा सनातन धर्मको उत्थान गर्ने उद्देश्यसँग सम्बन्धित छ। साथै, पदको गरिमा, मर्यादा र दायित्वअनुसार धर्म, संस्कृति, अध्यात्म तथा मानवताको सेवामा समर्पित रहन उहाँलाई आग्रह गरिएको छ।

परिषद्को नियुक्तिपत्रमा संस्थापक तथा कार्यकारी अध्यक्षको हस्ताक्षर, आधिकारिक छाप र प्रमाणीकरणसम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । धर्मगुरु रिन्पोछेलाई यसअघि भारतको वृन्दावनमा आयोजित पट्टाभिषेक समारोहमा 'जगद्गुरु' सम्मान प्रदान गरिएको आयोजक पक्षले जनाएको थियो। बौद्ध दर्शन, सनातन संस्कृति तथा धार्मिक समन्वयका विषयमा उहाँले राख्दै आउनुभएको विचारले विभिन्न धार्मिक परम्पराबीच संवाद र सहअस्तित्वको आवश्यकताबारे चर्चा अघि बढाएको छ।

नेपाल बौद्ध तथा सनातन धार्मिक परम्पराको ऐतिहासिक संगमस्थल हो । लुम्बिनी भगवान् बुद्धको जन्मस्थलका रूपमा विश्वभर प्रसिद्ध छ भने जनकपुरधाम माता जानकीको जन्मभूमिका रूपमा परिचित छ । पशुपतिनाथ, स्वयम्भूनाथ, बौद्धनाथ र जानकी मन्दिरजस्ता धार्मिक स्थलले नेपालको बहुधार्मिक तथा बहुसांस्कृतिक पहिचानलाई उजागर गर्दै आएका छन् । यस्तो विविधताबीच पारस्परिक सम्मान, धार्मिक सहिष्णुता र सांस्कृतिक सहकार्य कायम राख्नु सामाजिक एकताका लागि महत्वपूर्ण मानिन्छ।

ई–जीपी हटाएर कागजी ठेक्का प्रणालीमा फर्किने सरकारी निर्णयप्रति प्रभु साहको आपत्ति

मधेशदृष्टि
काठमाडौँ।
आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले विद्युतीय खरिद प्रणाली (ई–जीपी) रोक्दै कागजी प्रक्रियाबाट ठेकेदार छनोट गर्ने सरकारी निर्णयप्रति कडा आपत्ति जनाएका छन् । उनले अनलाइन खरिद प्रणालीलाई विस्थापित गरेर पुरानै प्रक्रियामा फर्किनु सुशासन, पारदर्शिता र प्रतिस्पर्धात्मक खरिद व्यवस्थामाथिकै प्रहार भएको टिप्पणी गरेका छन्।

पूर्व सहरी विकासमन्त्रीसमेत रहेका साहले बुधबार बिहान सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै सरकारको कदमले सार्वजनिक खरिद प्रक्रियामा



अपारदर्शिता बढ्ने र राज्यकोषमा ठूलो आर्थिक नोक्सानी हुन सक्ने जोखिम औँल्याएका हुन्।

डिजिटल प्रविधिको विकाससँगै सार्वजनिक खरिदलाई पारदर्शी र प्रतिस्पर्धात्मक बनाउनुपर्ने समयमा अनलाइन प्रणाली बन्द गरेर कागजी प्रक्रियामा फर्किनु उचित नभएको उनको भनाइ छ। कागजी प्रक्रियाले ठेकेदारबीच मिलेमतो बढाउने, प्रतिस्पर्धा कमजोर बनाउने र सीमित ठेकेदारको प्रभाव विस्तार गर्ने अवस्था सिर्जना गर्न सक्ने साहले आशंका व्यक्त गरेका छन्।

ई–जीपीमा २०–३० प्रतिशत कम, कागजी ठेक्कामा ५–७ प्रतिशत मात्र ?

साहले विद्युतीय खरिद प्रणाली र कागजी प्रक्रियाबाट ठेक्का लगाउँदाको मूल्य अन्तरलाई समेत प्रश्नको केन्द्रमा राखेका छन्। उनका अनुसार ई–जीपी प्रणालीमार्फत प्रतिस्पर्धा हुँदा विगतमा औसत २० देखि ३० प्रतिशतसम्म कम मूल्यमा

बाँकी पृष्ठ ३ मा

सल्यानका समस्या समाधान गर्न सांसद पन्तको पहल,

प्रशासन र सम्बन्धित निकायलाई जवाफदेही बन्न आग्रह



मधेशदृष्टि
सल्यान।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद बुद्धि पन्त (हरि) ले सल्यानमा देखिएका विकास निर्माण, स्थानीय तहको अनियमितता, अवैध क्रसर सञ्चालन तथा प्रहरी–प्रशासनको भूमिकासम्बन्धी गुनासो सम्बोधन गर्न सम्बन्धित सरकारी निकायका प्रमुखहरूसँग छलफल गरेका छन्।

रास्वपाले असोज २० देखि २७ गतेसम्म सञ्चालन गरेको राष्ट्रव्यापी 'हामी आउँदैछौँ' अभियानका क्रममा सल्यान पुगेका सांसद पन्तले जिल्लाका स्थानीय नेता, कार्यकर्ता तथा शुभेच्छुकबाट प्राप्त गुनासोलाई सम्बन्धित निकायसम्म पु¥याउँदै समाधानका लागि पहल गरेका हुन्।

अभियानको अन्तिम दिन असोज २७ गते उनले परम्परागत राजनीतिक कार्यक्रमभन्दा फरक शैलीमा सरकारी अधिकारीहरूसँग प्रत्यक्ष छलफल गराउँदै अभियानको समापन गरेका थिए।

अभियानअन्तर्गत कालिमाटी, त्रिवेणी, कपुरकोट र छत्रेश्वरीलगायतका पालिकामा पुगेका पन्तसमक्ष स्थानीयले जिल्लाबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद नहुँदा सामान्य समस्यासमेत समाधान गर्न कठिन हुने गरेको गुनासो गरेका थिए । उनीहरूले स्थानीय तहमा भ्रष्टाचार र अनियमितता बढेको, अवैध क्रसर सञ्चालन भइरहेको तथा यस्ता विषयमा प्रहरी र प्रशासनको भूमिका प्रभावकारी हुन नसकेको भन्दै ध्यानाकर्षण गराएका थिए।


बाँकी पृष्ठ ३ मा



सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।





थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरू


उच्च ज्वरो आउनु


जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु


आँखाको गेडी दुख्नु


बेस्सरी टाउको दुख्नु


शरीरमा राता बिमिराहरु आउनु


वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।





घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरून्त भर्ना हुने ।



(*चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने)

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

बहुदरमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पर्सा, मधेश प्रदेश

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन